# चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी

सूचना नम्बरः १७-२०८१/८२

## तह मिलान/तह बृद्धिका लागि आवेदन पेश गर्ने सम्बन्धी संशोधित सूचना।।

**(प्रकाशित मितिः २०८१/१२/२७)**

लुम्बिनी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, राप्ती उपत्यका(देउखुरी),नेपालको मिति २०८१/१२/२७ गतेको सूचना अनुसार स्थानीय निजामति सेवा ऐन, २०८१ दफा ७ तथा दफा-३१ बमोजिम तहमिलान/तह बृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा तोकिएको सेवाअवधि पुरा भएका, दफा ३४ बमोजिमको अवस्था विद्यमान नरहेको उपयुक्त उम्मेदवारहरुले पाँचौं/छैठौं/सातौं/आठौं तहमा तह मिलान/तह बृद्धि हुनका लागि स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियम ४८ बमोजिम अनुसूचीमा तोकिए बमोजिमको ढाँचामा सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (२०८२ बैशाख ०२ गते) भित्र तपशिलका कागजात सहित यस कार्यालयको प्रशासन शाखामा  आवेदन पेस गर्न यो सूचना प्रकाशन गरिएको छ।

तपशिलः

**(क) दफा ७ को हकमा**

१. व्यक्तिगत निवेदन।

२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी।

३. हालको पदमा नियुक्ति/समायोजन/वढुवा पत्रको प्रतिलिपी।

४. अद्यावधिक वैयक्तिक विवरणको प्रतिलिपी।

५. हालसम्म विभागिय कारवाहीमा नपरेको तथा प्रचलित कानून वमोजिम तह वृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा।

६. सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धि सिफारिसपत्र।

**(ख) दफा ३१ को हकमा**

१. व्यक्तिगत निवेदन।

२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी।

३. हालको पदमा नियुक्ति/समायोजन/वढुवा पत्रको प्रतिलिपी।

४. अद्यावधिक वैयक्तिक विवरणको प्रतिलिपी।

५. पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन फारम पेश गरेको कार्यालयको विवरण ।

६. हालसम्म विभागिय कारवाहीमा नपरेको तथा प्रचलित कानून वमोजिम तह वृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा।

७. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी।

८. सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिसपत्र।

*पुनश्चः नियमावलीको अनुसुची-१६ को ढाँचा यस कार्यालयको प्रशासन शाखाबाट उपलब्ध हुनेछ।*

२०८१/१२/२७

(बुद्ध प्रकाश पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

बुद्ध प्रकाश पौडेल
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शान्तिपुर, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल